नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
(कर्मचारी प्रशासन शाखा)

फोन ४२००३०९, ४२००२८१

पत्र संख्याः- २०७१/०७२

चलानी नं.:- १४६०

मिति : २०७१।७।२८

**विषय : गाविस सचिवहरुको काज फिर्ता सम्वन्धमा ।**

श्री जिल्ला विकास समितिको कार्यालयहरु, ७५

प्रस्तुत विषय, यस मन्त्रालयको मिति २०७१/०७/२१ च.नं. १५०३ को पत्रानुसार त्यस जिल्लामा कार्यरत सचिवहरुको काज फिर्ता सम्वन्धमा लेखि सकिएको छ । निजामती सेवा ऐन तथा नियमावलीमा भएको व्यवस्था भन्दा बाहेक कतिपय गाविस सचिवहरु काजको अवधी सकिएपश्चात स्वतः आफ्नो दरवन्दी रहेको कार्यालयमा हाजिर हुन नजादाँ स्थानीय जनतालाई सेवा प्रवाह गर्ने कार्यमा सख्त बाधा पर्नुका साथै नजिकै आएको गाउँ परिषदलाई समेत प्रतिकुल असर पर्ने व्यहोरा विदितै छ । यसै तथ्यलाई मध्यनजर गरी त्यस जिल्लामा दरवन्दी भई अन्य जिल्ला/विभाग/मन्त्रालयमा काजमा कार्यरत सचिवहरुलाई काज फिर्ताका लागि ताकेता गर्नुहुन तथा अन्य जिल्लामा दरवन्दी भई त्यस जिल्लामा काजमा कार्यरत सचिवलाई स्वीकृत काजको अवधी सकिए पश्चात काज फिर्ता गरी सो को जानकारी यस मन्त्रालयमा पठाउनु हुन अनुरोध छ । साथै स्वीकृत काज अवधी सकिए पश्चात अटेर गरी अनधिकृत किसिमले काजमा बस्ने र तोकिएको गाविसमा नगई जिल्ला सदरमुकाम वा अन्यत्र बसी कामकाज गर्ने सचिवहरुलाई कानून बमोजिम विभागीय कारबाहीको लागि प्रक्रिया समेत थाल्नु हुन र सोको लगत यस मन्त्रालयमा समेत पठाउनु हुन मिति २०७१/०७/२८ को निर्णयानुसार अनुरोध छ ।

२०७१।०७।३०

(अञ्जन न्यौपाने)
शाखा अधिकृत